लुम्विनी प्रदेश सरकार

फोन नं. : ०७७-४२०१६२

ऊर्जा जलश्रोत तथा सिंचाइ मन्त्रालय

# जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय

अर्घाखाँची

मिति : २०८१।४।२०

## "निर्माण सम्पन्न भएका तथा निर्माणाधीन अवस्थामा रहेका सम्पूर्ण सिंचाइ योजनाका जल उपभोक्ता समितिहरु लाई अनुरोध ॥।"

जल उपभोक्ता संस्थालाई संस्थागत वनाई आयोजनाहरुका काम पारदर्शीताका साथ दिगो रुपमा संचालन गराउन सिंचाइ नियमावली २०५६ ले जल उपभोक्ता सस्थाको नवीकरण सम्बन्धी तल उल्लेखित व्यवस्था गरेको हुँदा यस कार्यालय अन्तर्गत गठित ज.उ.संस्था हरुलाई समयमानै आ-आफ्नो संस्थाहरु नियमानुसार नविकरण गरी योजनालाई दिगो भरपर्दो बनाउन संस्थागत रुपमा व्यवस्थित हुन यो अनुरोध गरिएको छ ।

**सिंचाइ नियमावली २०५६ (पहिलो संशोधन २०६०) ले गरेको व्यवस्था-**

**नियम ८ (क) नविकरण** :-

**उपनियम १** :- यस नियमावली बमोजिम दर्ता भएका प्रत्येक उपभोक्ता संस्थाले आर्थिक वर्ष समाप्त भएको मितिले ९० (नब्बे) दिन भित्र  मान्यता प्राप्त दर्तावाल लेखा परीक्षक बाट लेखा परीक्षण गराई सोको प्रतिवेदन र वार्षिक प्रतिवेदन संकलन गरी सम्बन्धि सिंचाइ कार्यालयमा नविकरणको लागि दरखास्त दिनु पर्नेछ ।

**उपनियम २** :- कुनै कारण बाट उपनियम १ बमोजिमको म्याद भित्र दरखास्त दिन नसकेमा सो समेत खुलाई एक सय रुपैया (१००।-) विलम्ब शुल्क समेत संलग्न गरी थप ९० दिन भित्र नविकरणको लागी पेश गर्नु पर्ने छ ।

**नियम ४**

**उपनियम ६** :- नियम ८ को उपनियम १ र २ बमोजिमको म्याद भित्र नविकरण नभएका कार्य समिति स्वत:: विघटन भएको मानिने छ ।

**उपनियम ७** :- यस नियम बमोजिम विघटन भएका कार्य समितिहरुको नयाँ निर्वाचन नभए सम्म त्यस्ता सिंचाइ प्रणलीलाई ऐन र यस नियमावली बमोजिमको कुनै सुबिधा उपलब्ध गराईने छैन ।

नि. डिभिजन प्रमुख